लिसंखु पाखर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बागमती प्रदेश, नेपाल
२०७३

# लिसंखु पाखर गाउँपालिकाको प्राविधिक कर्मचारी फील्ड सुविधा सम्बन्धि कार्यविधी, २०७९

प्रस्तावनाः

गाउँपालिकामा कार्यरत प्राविधिक कर्मचारीहरु गाउँपालिकाबाट सञ्चालित योजनाहरुको योजना स्थलमै जानुपर्ने गरी सञ्चालित हुने विकास योजना तथा कार्यक्रममा हुने प्राविधिक कर्मचारीले प्राप्त गर्ने सुविधालाई व्यवस्थित गर्न वान्छनिय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा (१०२) को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी लिसंखु पाखर गाउँकार्यपालिकाले यो प्राविधिक कर्मचारी फील्ड सुविधा कार्यविधी,२०७९ जारी गरेको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (क) यस कार्यविधीको नाम प्राविधिक कर्मचारी फील्ड सुविधा कार्यविधी, २०७९ रहेको छ ।

(ख) यो कार्यविधी गाउँकार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधीमा,

(क) 'अनुगमन समिति' भन्नाले गाउँ कार्यपालिकाले गठन गरेको अनुगमन समिति सम्झनु पर्दछ ।

(ख) योजना भन्नाले गाउँपालिकाभित्र सञ्चालित योजनाहरु बुझ्नुपर्नेछ (ग) "कार्यालय" भन्नाले गाउ कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।

(घ) समिति" भन्नाले उपभोक्ता समिति भन्ने सम्झनु पर्दछ (ङ) प्राविधिक कर्मचारी भन्नाले योजना हेर्ने गरी तोकिएको प्राविधिक कर्मचारी सम्झनुपर्दछ

(च) अधिकृतस्तर भन्नाले राजपत्राङ्कित तृतीय श्रेणी वा **छैटौं वा सातौं वा आठौ** तहको कर्मचारी तथा सहायकस्तर भन्नाले राजपत्र अनंकित वा **पाचौं** वा **चौथो** तहको कर्मचारीलाई बुझ्नुपर्नेछ ।

**३. फील्ड आदेश स्वीकृत गर्नुपर्नेः** यस कार्यविधि बमोजिम योजनाको लगत इस्टिमेट तयार गर्न, रनिङबिल तयार गर्न, अनुगमन गर्न, कार्यसम्पादन स्तर जाँच गर्न वा नापि किताब तयार पार्न वा कार्यसम्पन्न प्रतिवेदन तयार गर्न वा योजना सम्पन्न भै सकेपश्चात जुनसुकै अवस्थामा प्राविधिक कर्मचारी फिल्डमा गई हेर्नुपर्ने भएमा सो को अगावै अनुसूची-१ बमोजिमको फिल्ड आदेश स्वीकृत गराई जानुपर्नेछ ।

**४. समूहीकृत मूल्याँकन गर्नुपर्ने** (१) एक दिन भन्दा बढी अवधिको लागि दफा (३) बमोजिमको फिल्ड आदेश स्वीकृत गराउँदा ठाउँ भेग पायक मिल्ने आधारमा कम्तीमा तीनवटा योजनाका लागि दफा (३) मा उल्लिखित काममध्ये कुनै एक काम एकैपटक हुन सक्ने गरी समूहीकृत गरी बनाई पेश गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम एक भन्दा बढी दिनका लागि कर्मचारी खटिनुपर्ने भएमा कम्तीमा स्वीकृत दिनबराबरको योजना संख्यामा कामकाज गर्नुपर्नेछ।

**५. प्रतिवेदन पेश गर्नुपर्नेः** (१) दफा (३) मा उल्लेखित मध्ये जुन योजनाका लागि जुन काममा खटीई गएको हो सो कामको नियमानुसारको प्रतिवेदन फिल्डबाट फर्किएको पाँच दिनभित्र तयार गरी गाउँ कार्यपालिकाको कार्यालयमा पेश गर्नुपर्नेछ ।

राजु लामा
अध्यक्ष

मंगल बहादुर विष्ट
प्रमुख प्रशासकीय अधिकृत

लिसंखु पाखर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
... सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

(२) उपदफा (१) बमोजिमको प्रतिवेदन स्वीकृत भैसकेपश्चात मात्रै अनुसूची २ बमोजिमको फिल्ड बिल भरी पेश गर्न सकिनेछ ।

६. **योजनागत फील्ड भ्रमण फाँटवारी तयार गर्नुपर्नेः** (१) प्राविधिक कर्मचारीले अधिन्तो महिनामा कम्तीमा एकपटक फिल्ड आदेश स्वीकृत गराएको योजनाको अर्को महिनाको सात गते भित्र अनुसूची-३ को ढाँचामा मासिक फील्ड भ्रमण फाँटवारी तयार गर्नुपर्नेछ ।

(२) यस कार्यविधि बमोजिम फिल्ड सुविधा दाबी गर्ने कर्मचारीले योजनाको कार्यसम्पन्न भैसकेपश्चात कार्यसम्पन्न प्रतिवेदन साथसाथै प्रत्येक योजनाका लागि फिल्डमा खटिएको योजनागत फिल्ड भ्रमण फाँटवारी अनुसूची ४ को ढाँचामा तयार गरी पेश गर्नुपर्नेछ ।

(३) अनुसूची-४ बमोजिम जुन उद्देश्यले फिल्ड भ्रमण गरीएको हो सो फिल्ड आदेशको अन्तिम मितिले सात दिनभित्र प्रतिवेदन पेश नगरेमा उक्त उद्देश्य बापतको दिनबराबरको फिल्ड सुविधा दावी गर्न पाइने छैन ।

(४) एक योजनाका लागि सबै चरणमा गरी अधिकतम दफा (८) मा उल्लेख भएभन्दा बढीको फील्ड आदेश स्वीकृत गरि बिल भुक्तानी लागि पेश गर्न पाइने छैन ।

७. **असुल उपर गरिनेः** यस कार्यविधी विपरीत बढी फील्ड सुविधा उपभोग गरेको वा दफा (५) बमोजिमको समयमा प्रतिवेदन पेश नगरेको वा यस कार्यविधी बमोजिमको प्रक्रिया पुरा नगरेको ठहरेमा त्यस्तो भुक्तानी लिने कर्मचारीबाट बढी ठहर भएबराबरको रकम सरकारी बाँकी सरह असुलउपर गरिनेछ ।

८. **फील्ड सुविधा :** (१) दफा (५) बमोजिमको प्रतिवेदन स्वीकृत भैसकेपछि अधिकृतस्तरको कर्मचारीको हकमा प्रतिदिन रु छ सय र सहायकस्तरको कर्मचारीको हकमा रु पाँच सय बराबरको फील्डभत्ता उपलब्ध गराईनेछ

(२) तर दफा ८(१) मा जुनसुकै कुरा लेखिएको भएता पनि प्राविधिक कर्मचारीहरूले त्यस्तो प्राविधिक फिल्ड सुविधा १० लाख भन्दा तलका योजनाको लागि बढीमा तिन पटक सम्म, १० लाख देखि ५० लाख सम्मका योजनाका लागि बढिमा ५ पटक र ५० लाख भन्दा बढि लागत भएका योजनाका लागि बढिमा ८ पटक सम्मको फिल्ड सुविधा पाउनेछन ।साथै, विपदका योजना निरीक्षण गरे वापत विपदको प्रकृती एवं. सख्या हेरी अधिकतम दश पटक सम्मको फिल्ड सुविधा पाउनेछन ।

(३) उपदफा (२) बमोजिमको फिल्ड सुविधा प्राप्त गर्नुपूर्व योजनागत फिल्ड प्रतिवेदनमा सम्बन्धीत वडा समितिका पदाधिकारीको सिफारिस अनिवार्य रहनेछ ।

(४) स्वीकृत फिल्ड आदेशको अन्तिम दिन बापत उपदफा (१) बराबरको रकमको चौथाई रकम मात्र फील्ड सुविधा दिन सकिनेछ ।

(५) प्राविधिक कर्मचारीले आफूले महिना भरमा काम गरेको प्राविधिक प्रतिवेदन तथा यस कार्यविधी बमोजिम तयार गरी पेश गर्नुपर्ने कार्यविधिहरू अनुसूची १,२,३,४ को निर्दिष्ट ढाँचामा भरी अर्को महिनाको सात गते भित्र पेश गरेपछि मात्रै भुक्तानी दिन सकिनेछ ।

(६) यसरी उपलब्ध गराइने फिल्ड भत्ताको रकमको सम्पुर्ण श्रोतका रुपमा लिसंखु पाखर गाउँपालिकाको गाउँसभाबाट पारित भएको बजेटमा उल्लेख भएको फिल्ड भत्ता शिर्षकबाट भुक्तान गरिनेछ यदि उक्त

राजु लामा
अध्यक्ष

मंगल बहादुर विष्ट
प्रमुख प्रशासकीय अधिकृत

शिर्षकबाट अपुग भएमा लिसंखु पाखर गाउँपालिकाको गाउँसभाबाट पारित भएको योजनाहरुको कन्टिन्जेन्सि वापतको शिर्षकबाट मात्र भुक्तान गर्न सकिनेछ ।

९. **असल नियतले गरेका काम बचाऊः** यस कार्यविधी बमोजिम योजना सम्पन्न गर्दा असल नियतले गरेका कामको सम्बन्धमा प्राविधिक कर्मचारी, जनप्रतिनिधी वा अनुगमन टोलीका संयोजक तथा सदस्यहरू उपर कुनै कारवाही हुने छैन ।

१०. **प्रचलित कानुन बमोजिम हुनेः** (क) यस कार्यविधीमा भएको व्यवस्थाले प्रचलित कानुन बमोजिम हुने अन्य अनुगमन कार्यलाई बाध पुयाएको मानिने छैन ।

११. **बाधा अड्काउ फुकाउने अधिकारः** यस कार्यविधीको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा अनुगमन समितिको बैठकबाट निर्णयका लागि बाधा अड्काउ फुकाउ गर्न गाउँ कार्यपालिकामा पठाईने छ ।

१२. **संशोधनः** यस कार्यविधीमा थपघट गर्ने अधिकार प्रचलित कानुनको अधिनमा रही गाउँकार्यपालिकाको हुनेछ ।

१३. **अधिकार प्रत्यायोजनः** गाउँकार्यपालिकाले यस कार्यविधीको सम्पूर्ण दफा वा कुनै निश्चित दफाको कार्यान्वयनको अधिकार राजपत्राङ्कित तृतीय श्रेणीको अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ ।

आज्ञाले,
मंगल बहादुर विष्ट
प्रमुख प्रशासकीय अधिकृत

मिति २०७९ साउन १७ गते, मंगलबार

राजु लामा
अध्यक्ष

मंगल बहादुर विष्ट
प्रमुख प्रशासकीय अधिकृत

लिसंखु पाखर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
अत्तरपुर, सिन्धुपाल्चोक
बागमती प्रदेश नेपाल

अनुसूचि १
लिसंखु पाखर गाउँपालिका
गाउँ कार्यपिलकाको कार्यालय
अत्तरपुर सिन्धुपाल्चोक

बागमती प्रदेश,नेपाल

फिल्ड आदेश

संख्याः
मितिः

१. नामः
२. पदः
३. कार्यालयः- लिसंखु पाखर गाँउ कार्यपालिकाको कार्यालय, सिन्धुपाल्चोक
४. फिल्ड जाने स्थानः- वडा नं.
५. योजनाको नामः
५. फिल्ड भ्रमणको उदेश्यः
६. फिल्ड भ्रमण गर्ने अवधिः- मिति २०            देखि २०            सम्म
७. फिल्ड भ्रमण गर्ने साधनः-
८. फिल्ड भ्रमणको निमित्त पेश्कीः- छैन।
९. फिल्ड भ्रमण सम्बन्धी अन्य आदेशः- नियमानुसार ।

........................
(भ्रमण गर्ने)

........................
भ्रमण स्वीकृत गर्ने पदाधिकारी

मितिः

राजु लामा
अध्यक्ष

मंगल बहादुर विष्ट
प्रमुख प्रशासकीय अधिकृत

लिसंखु पाखर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
अत्तरपुर, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

अनुसूची २

दफा ५ को उपदफा २ सँग सम्बन्धित

**लिसंखु पाखर गाउँपालिका**

**गाउं कार्यपालिकाको कार्यालय**

**अत्तरपुर,सिन्धुपाल्चोक**

**फिल्ड भ्रमण भत्ता बिल**

**नाम :**

**दर्जा : (श्रेणी खुल्ने गरी)**

**कार्यालय** लिसंखु पाखर गाउँ कार्यपालिकाको कार्यालय, सिन्धुपालचोक

**कर्मचारीको स्थायी ठेगाना :** **फिल्ड भ्रमणको उद्देश्य:** **नत्थी बिल रसिद संख्या :**

| प्रस्थान | | पहुंच | | भ्रमण साधन | भ्रमाण खर्च | दैनिक भत्ता | | | होटल वास खर्च | | | फुटकर खर्च | | कूल जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| स्थान | मिति | स्थान | मिति | | | दिन | दर | जम्मा | दिन | दर | जम्मा | विवरण | जम्मा | | |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | | | | | | |

| | |
|---|---|
| १.भ्रमण खर्च (महल ६) को जम्मा रु. | |
| २. भ्रमण भत्ता (महल ९) को जम्मा रु | |
| ३. होटल बास खर्च (महल १२) को जम्मा रु | |
| ४.फुटकर खर्च (महल १४) को जम्मा रु. | |
| ५. कुल जम्मा (महल १५) को जम्मा रु. | |
| ६. भ्रमण पेश्की रु. | |
| ७. खुद भुक्तानी पाउने रु. | |

**स्विकृत भ्रमण आदेश नं** **मिति:** **स्वीकृत रकम:**

पेश गरेको व्यहोरा ठीक छ भुट्टा ठहरे प्रचलित कानून बमोजिम सहने बुझाउने छु।

भ्रमण गर्ने कर्मचारीको दस्तखत :

मिति :

जांच गर्ने अधिकारीको

दस्तखत :

मिति :

स्विकृत गर्ने अधिकारीको

दस्तखत :

मिति:

**द्रष्टव्य :** पेश भएका बिलहरुमा मिति खुलाएको र कर्मचारीले पनि दस्तखत गरेको हुनु पर्दछ।
पेश भएका कागजात क्रम संख्या मिलाई पेश गर्नु पर्ने छ।

राजु लामा
अध्यक्ष

मंगल बहादुर विष्ट
प्रमुख प्रशासकीय अधिकृत

लिसंखु पाखर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
अत्तरपुर, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

अनुसूची ३

( दफा ६ को उपदफा २ सँग सम्बन्धित)

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू
लिसंखु पाखर गाउँ कार्यपालिकाको कार्यालय
अत्तरपुर, सिन्धुपाल्चोक ।

**विषय : मासिक फिल्ड भत्ता फाँटवारी ।**

मिति २०.... साल ......... महिनामा यस गाउँपालिका अन्तर्गतका निम्न योजनाहरुमा निम्नानुसारको फिल्ड भ्रमण गरिएको व्यहोरा अनुरोध छ ।

| सि.नं. | वडा नं | टोल बस्ति | योजनाको नाम | मिति | उद्देश्य | प्रतिवेदन पेश गरे/नगरेको | भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीको हस्ताक्षर |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

यस फाँटवारीमा उल्लिखित तथ्यहरु सम्बन्धित प्रतिवेदन/फिल्ड आदेशसँग भिडाई पेश गरेको छु । अन्यथा ठहरे सहुँला/बुझाउँला ।

पेश गर्ने
नाम थर:
दर्जा:
हस्ताक्षर:
मिति:

सिफारिस गर्ने
नाम थर:
दर्जा:
हस्ताक्षर:
मिति :

राजु लामा
अध्यक्ष

मंगल बहादुर विष्ट
प्रमुख प्रशासकीय अधिकृत

लिसंखु पाखर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
अतरपुर, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

अनुसूची - ४

( दफा ६ को उपदफा २ सँग सम्बन्धित)

फिल्ड भ्रमण फाँटबारी नं :

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
लिसंखु पाखर गाउँ कार्यापालिकाको कार्यालय

**विषय : योजना फिल्ड भत्ता फाँटवारी ।**

यस गाउँपालिका अन्तर्गतका निम्न योजनामा निम्न मितिमा फिल्ड भ्रमण गरी प्रतिवेदन पेश गरेको व्यहोरा अनुरोध छ ।

| वडा नं | योजनाको नाम | योजनाको ला.ई. तयार गर्न तोक आदेश भएको मिति : | ल.ई. तयार गरी स्वीकृत भएको मिति : | अनुगमन/रनिङ बील उद्देश्यले फिल्ड भ्रमण गएको मिति | अनुगमन/रनिङ बील स्वीकृत भएको मिति | कार्यसम्पन्न उद्देश्यले फिल्ड भ्रमण गएको मिति | कार्यसम्पन्न प्रतिवेदन स्वीकृत भएको मिति |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

यस फाँटवारीमा उल्लिखित तथ्यहरु सम्बन्धित प्रतिवेदन/फिल्ड आदेशसँग भिडाई पेश गरेको छु । अन्यथा ठहरे सहुँला/बुझाउँला ।

पेश गर्ने
नाम थर:
दर्जा:
हस्ताक्षर:

सिफारिस गर्ने
नाम थर:
दर्जा:
हस्ताक्षर:

राजु लामा
अध्यक्ष

मंगल बहादुर विष्ट
प्रमुख प्रशासकीय अधिकृत